**"दुग्ध उत्पादक सहकारी संस्था/निजि डेरीलाई दुग्धजन्य पदार्थ भण्डारणको लागि ५० प्रतिसत अनुदानमा कोल्ड रुम निर्माण सहयोग कार्यक्रम संचालन नर्मस २०८०"**

सियारी गाउँपालिका पशुपालन क्षेत्रको रुपमा यस जिल्लाकै अग्रणी पालिकामा पर्दछ । कृषकहरुले उत्पादन गरेको दुध सियारी गाउँपालिका अन्तर्गत रहेका दुग्ध उत्पादक सहकारी संस्थाहरु/निजि डेरीहरुले खरिद गरि दुधको बजारीकरणमा सहयोग पुगिरहेको छ । तर पनि यदाकदा दुधको बजारीकरणमा समस्या नदेखिएको भने होईन । दु.उ.स.स./ निजि डेरीहरुले अधिक दुध भई दुध नबिकेको बेलामा बिभिन्न दुग्ध जन्य पदार्थ जस्तै घिउ, पनिर, नौनी बनाई बजारीकरण गरिरहेको अवस्था छ तर लामो समय सम्म भण्डारण गर्ने कोल्ड रुम नभएको कारण उत्पादनलाई भण्डारण गर्न नसकिरहेको अवस्था छ र जसले गर्दा कृषकहरुलाई दुध बिक्रीको समस्या खेपिरहनु परेको छ । यसै समस्यालाई कम गरि कृषकहरुले उत्पादन गरेको दुध बिक्रीमा समस्या नहोस र दुग्धजन्य पदार्थ उत्पादन गरिरहेका डेरीहरुले पनि बढी भन्दा बढी दुग्ध पदार्थको उत्पादन गरि दुधको बजारीकरणमा सहयोग पुगोस भन्ने उद्देश्यले सियारी गाउँपालिकाले आ.व. ०८०/०८१ मा **"दुग्ध उत्पादक सहकारी संस्था/निजि डेरीलाई दुग्धजन्य पदार्थ भण्डारणको लागि ५० प्रतिसत अनुदानमा कोल्ड रुम निर्माण सहयोग कार्यक्रम"** संचालनमा ल्याएको छ र यो कार्यक्रम तपसिल अनुसारको नर्मसको अधिनमा रही संचालन हुनेछ ।

तपसिल

1. यो नर्मस आ.व. २०८०/०८१ को लागि मान्य हुनेछ ।
2. यो कार्यक्रममा सियारी गाउँपालिका अन्तरगत रहेका दुग्ध उत्पादक सहकारी संस्था/ निजि डेरीहरु सहभागी हुन् पाउनेछन ।
3. कार्यक्रम संचालन प्रक्रिया :
   - १५ दिने सुचना प्रकासन ।
   - सुचनामा न्युनतम आवश्यक कागजातको विवरण र अन्य विवरण माग गरिनेछ ।
   - प्राप्त प्रस्ताव उपर सियारी गाउँपालिका आर्थिक बिकास समितिको बैठकमा छलफल भई माग भएको आवश्यक न्युनतम कागजात भएका प्रस्ताबहरुलाई बैठकले प्रारम्भिक छनौट गर्नेछ ।
   - प्रारम्भिक छनौटमा परेका प्रस्तावहरुको आर्थिक बिकास समितिका संयोजकको संयोजकत्वमा आर्थिक बिकास समितिले स्थलगत निरीक्षण गरि उपयुक्त १(एक) प्रस्ताव छनौट गर्नेछ ।
   - यसरि छनौट गर्दा समितिले संस्थाको स्थापना मिति, दुध बिक्रि गर्ने कृषकको संख्या, दुधको खरिद परिमाण गत आ.व.को, सम्भाव्यता आदि जस्ता बिषयलाई आधार मान्नेछ ।

- सियारी गाउँपालिकाबाट यो कार्यक्रम कुल बजेटको ५० प्रतिसत साझेदारी(रु.५ लाखमा नबढ्ने गरि) मा संचालन हुनेछ ।

- सफल प्रस्ताव पेश गर्ने दुग्ध उत्पादक सहकारी संस्था/ निजि डेरी संग सियारी गाउँपालिकाले द्विपक्षीय सम्झौता गरि कार्यक्रम संचालन गर्नेछ । सम्झौतामा नै गर्नु पर्ने कार्यहरुको प्राबिधिक विवरण तथा अन्य कार्यहरु समाबेस हुनेछ ।

-सियारी गाउँपालिकाबाट यस भन्दा अगाडी यहि प्रकृतिको कार्यमा अनुदान सहयोग प्राप्त गरेको भए छनौटको क्रममा सहयोग नपाएकालाई प्राथमिकता दिइनेछ ।